# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, साउन २५ गते २०३९ साल (संख्या १७

### श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसम्बन्धी (दशौं संशोधन) नियमहरू, २०३९

भूमिसम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (दशौं संशोधन) नियमहरू, २०३९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ११ क. मा संशोधनः भूमिसम्बन्धी नियमहरू, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ क. को उप-नियम (८) पछि देहायको उप-नियम (९) र (१०) थपिएका छन्:–

"(९) समितिले अध्यक्ष र अर्को एक जना सदस्यको उपस्थितिमा यस नियम बमोजिम गर्नु पर्ने सबै काम कारवाई र किनारा गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) समितिले यस नियमबमोजिम काम कारवाई वा किनारा गर्दा सदस्यहरूको भिन्दा भिन्दै राय भई बहुमत कायम हुन नसकेमा अध्यक्षको रायबमोजिम गर्नु पर्नेछ।"

३. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को खण्ड (ख), (ग), (घ) र (ङ) को सट्टा देहाएको खण्ड (ख), (ग), (घ) र (ङ) राखिएका छन्:–

"(ख) जग्गावाला तथा मोहीको हैसियतले आफ्नो वा परिवारको साथमा नेपाल अधिराज्यका कुनै जग्गा नहुने किसानलाई तराई क्षेत्रमा दुई विगहा वा काठमाडौं उपत्यकामा ५ रोपनी वा अन्य पहाडी क्षेत्रमा १० रोपनी जग्गासम्म।

(ग) मोहीको हैसियतले आफ्नो वा परिवारको साथमा खण्ड (ख) मा तोकिएको अधिकतम हदभन्दा बढी जग्गा हुने संधियार मोहीलाई सो हद पुऱ्याउन नपुग जग्गासम्म।

(घ) मोहीको हैसियतले आफ्नो वा परिवारको साथमा खण्ड (ख) मा तोकिएको अधिकतम हदभन्दा घटी जग्गा हुने मोहीलाई सो हद पुऱ्याउन नपुग जति जग्गासम्म।

(ङ) शिक्षण संस्था र अरू सार्वजनिक संस्थालाई सामान्यतः खण्ड (क) मा तोकिएको अधिकतम हदसम्म।"

४. मूल नियमावलीको नियम ४१ मा संशोधनः मूल नियमावलीको नियम ४१ को अन्तमा देहायको वाक्य थपिएको छः–

"त्यसरी भूमिसुधार अधिकारी नियुक्त नभएको जिल्लामा सोही जिल्लाको कुनै अधिकृतलाई भूमिसुधार अधिकारीको काम गर्न तोक्न सक्नेछ।"

५. मूल नियमावलीमा नियम ४१ क. थपः मूल नियमावलीको नियम ४१ पछि देहायको नियम ४१ क. थपिएको छः–

"४१ क. जिल्ला समितिको गठनः (१) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा अध्यक्ष लगायत तीन जना सदस्य भएको एक जिल्ला समिति गठन गर्न सक्नेछ।

230

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उप-नियम (१) बमोजिम जिल्ला समिति गठन भएको जिल्लामा भूमिसुधार अधिकारीले ऐन तथा यी नियमहरूबमोजिम गर्नु पर्ने सबै काम कारवाई र किनारा जिल्ला समितिले गर्नेछ ।

(३) जिल्ला समितिले अध्यक्ष र अर्को एक जना सदस्यको उपस्थितिमा यस नियमबमोजिम गर्नु पर्ने सबै काम कारवाई र किनारा गर्न सक्नेछ ।

(४) जिल्ला समितिले यस नियमबमोजिम काम कारवाई वा किनारा गर्दा सदस्यहरूको भिन्दा भिन्दै राय भई बहुमत कायम हुन नसकेमा अध्यक्षको रायबमोजिम गर्नु पर्नेछ ।"

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

239

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।